# फड्केढुंगा नि. मा. वि. माझफााट गा. वि. स. २, पर्वतमा दलित विद्यार्थीमाथि भएको विभेदको स्थलगत अध्ययन प्रतिवेदन

२०६४ वैशाष २ देखी ७

मानव अधिकार सन्धी अनुगमन समन्वय समिति

उपसमिति दलित गैर सरकारी संस्था महासंघ


प्रतिवेदक

डिलवहादुर नेपाली

याम वहादुर चर्माकार

खासमान लिम्वु

सरस्वती हरिजन

**फड्केढुंगा नि. मा. वि. माफभ्रूफााट गा. वि. स. २, पर्वतमा दलित विद्यार्थीमाथि भएको विभेदको स्थलगत अध्ययन प्रतिवेदन २०६४**

## १. पृष्ठभुमि

र्वत जिल्लाको पश्चिम भेगमा पर्ने फड्केढुंगा नि. मा. वि. माभ्रूफााट गा. वि. स. २ मा शैक्षिक शत्र २०६३/६४ अन्तर्गत अन्तिम परिक्षा चल्दै आएको थियो। कक्षा सातको पाक शिक्षा अन्तर्गत प्राक्टीकल परिक्षा कसरी सञ्चालन गर्ने भन्ने विषयमा विषय शिक्षक कपुर मल्ल र विद्यार्थीहरुबीच चैत्र ८ र ९ गते छलफल चली अन्तमा पुरी तरकारी वनाएर खाने विषय टुंगोलागे पछि ११ गते १० वजे दलित विद्यार्थीहरु आवश्यक सामाग्री लिएर विद्यालय आउदा त्यस समय भन्दा पहिलै गैर दलित समुदायका विद्यार्थीहरु आई प्रायः खानाका परिकार वनई सकेको अवस्थामा दलित समुदायका विद्यार्थीहरु सहभागि वन्न पाउनु पर्दछ भन्दा गैर दलित समुदायका विद्यार्थीहरुले समावेश गराउन नमानेको र शिक्षक शिक्षिकाहरुले त्यो विषयलाई गंभिर रुपमा नलिएको तथा गैर दलित समुदायका विद्यार्थीका पक्षमा रहेर दलित समुदायको विद्यार्थीको विषयमा हेलचक्र्याई गरी उतपन्न विवाद तथा परिस्थिति कान्तिपुर दैनिकले चैत्र १२ र चैत्र २६ मा पीडित विद्यार्थीहरुको फोटो सहित हामीले छोएको परिक्षा चलेन भनेर छापेको लेख प्रकाशन भएको पटक पटक अन्य पत्रिकामा समेत समाचाचर सम्प्रेशन भएकोहुनाले **मानव अधिकार सन्धी अनुगमन समन्वय समिति** का तर्फ वाट उक्त विषयलाई पछि त्यो विद्यालय, शिक्षक र पीडित विद्यार्थीहरुसंग मानवअधिकार कर्मी, पत्रकार दलित कार्यकर्ताहरु पुगेर घटनाको बारेका बुझ्ने क्रम बढ्दै गएको छ भने सदरमुकाम कुस्मामा वसेका विद्यार्थीहरु ससम्मान गााउ फर्काउन दलित समुदायमा काम गर्ने दलित भातृ संगठन तथा समाजिक संघ संस्थाहरु पहल गरिरहेका छन्।

## २. अध्ययनको उद्देश्य

- घटनाको स्थलगत अध्ययन गर्ने।
- घटनाको सत्य तथ्य सहितको प्रतिवेदन तयार गर्ने।

## ३. अध्ययन पद्धति

- घटनाको स्थलगत अवलोकन
- पीडित, पीडक तथा अन्य सर्वसाधरणको राय बुझ्ने।
- दलित संघ संगठन, नागरिक समाज तथा राजनीतिक पार्टीहरु तथा विद्यालय प्रसाशन तथा सरोकारवालहरुसंग घटनाको सम्वन्धमा बुझ्ने।

## ४. मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट अध्ययन टोली

- डिल वहादुर नेपाली दलित गैर सरकारी संस्था महासंघ,
- याम वहादुर चर्माकारः दलित गैर सरकारी संस्था महासंघ
- खासमान विम्वुः LAHURNIP,

- सरस्वती हरिजनः दलित महिला संघ,

**५. घटनाको संक्षिप्त विवरण**

फड्केढुंगा नि. मा. वि. माझ्फफााट २, पर्वतले कक्षा ७ को अन्तिम परिक्षा सञ्चालन गर्दै आएको थियो । परिक्षाको अन्तमा व्यवसायीक शिक्षा अन्तर्गतको प्राक्टीकल परिक्षाको दिनका लागि विद्यार्थी र विषयगत शिक्षकका विच कसरी परिक्षा सञ्चालन गर्ने भन्ने विषयमा चैत्र आठ नौ गते सल्लाह हादैं आएको कक्षा ७ का सवै विद्यार्थीहरु छलफलमा भाग लिदै कोहिले खाना पकाउने खाने, कोहिले जेरी पुरी तरकारी खाने भने दलित समुदायका विद्यार्थीहरुले चित्रकला वनाउने प्रस्ताव अगाडी सारे । अन्तमा रु. ३५ का दरले पैसा उठाउने, अलि अलि दाउरा तथा आलु सहित विहान १० वजे विद्यालय आउने भनेर नौ गते भनियो । ११ गते दलित विद्यार्थी सरसामान सहित विद्यालय आउदा गैर दलित समुदायका विद्यार्थीले अधिकांश परिकार पकाएका थिए र दलित विद्यार्थीले खाना पकाउन सहभागि वन्छौ भन्दा गैर दलित समुदायका विद्यार्थीले तिमिहरु यता नआउ, तिमिहरुले पकाएको सरहरुले खानुहुन्न, हामि पनि खान्नौ र आज मिठो वनाएर सरहरुलाई खुवाउनु पर्छ र विद्यालयबाठ विदाई हुनु पर्छ भन्दै विभेद जन्य अनेक शब्दहरु प्रयोग गरीयो । दलित समुदायका विद्यार्थीहरुले शिक्षक शंकर जि. सि., तुलसी पौडेल र कपुर मल्ल सरलाई साथीहरुले गरेको व्यवहार भन्दा उनीहरुले हामहिरुले खाने हैन तीमिहरुले पकाएको पुरानो सरहरुले खानुहन्न । यस्तो समयमा तिमिहरु परै वसेहुन्छ भन्दै विषयलाई सुल्झाउनु अलवा कार्यालयतर्फ लागे । हेड सर नभएकोले गोपाल आचार्य शिक्षकसंग कुरा राख्दा उहाले तिमिहरु पनि सवै कृयाकलापमा संलग्न हुनु पर्दछ म मिलाउछु भन्दै जाादा गैर दलितसमुदायका विद्यार्थीहरुले मुखामुख गरि कराए । उहाले दलित समुदायका विद्यार्थीउपर सहानुभूति राखेको भए पनि अरु विद्यार्थको दवावका कारण सामेल गराउन सक्नु भएन । यही अवस्थाबाट दलित समुदायका विद्यार्थीहरु आफू विभेदमा परेको जाहेरी गर्न वेनी प्रहरी हादैं कुस्मा तिर लागे ।

**६. घटना मितिः** २०६३/१२/११

**७. घटना भएको समयः** विहान १०.०० देखि ११. ०० वजे

**८. घटना स्थलः** फड्केढुंगा नि. मा. वि. माफझफााट गा. वि. स. २, पर्वत

**९. पीडकः** शंकर जि. सि., तुलसी पौडेल, कपुर मल्ल (विद्यालय शिक्षकहरु)

**१०. पीडितः** टिकाराम परियार, दुर्गा परियार, दुर्गवहादुर दर्जी, सोम वहादुर परियार, अनिता वि. क., नारायण नेपाली

## ११. सरोकारवालाहरुको भनाई

**फुलमति परियार** (दुर्गवहादुर परियारकी आमा)

स्कूलमा राम्रो पढ्ला, जान्ने सुन्ने होला भनेर पठाएको पढाउने सरहरुबाटै त्यस्तो व्यवहार भए पछि कसरी पढ्लान् । सारै अन्याए भयो । दलित समुदायको लागि भनेर आएको पैसा पनि सालै पिच्छे दिन्नन् । अहिले त परिक्षाकै दिन त्यसो गरेछन वोल्दीने मान्छे छैनन भनेर हो हामी संधै काम गर्न हिड्नु पर्छ । हामीलाई न्याय दिने कस्ले हो हजुरहरुले सहयोग गर्नु पर्छ ।

**लिलादेवी परियार**

सवै भन्दा नजिकको स्कूल त्यही हो त्याहा नपठाए हुदैन अव पठाउने पनि कसरी ? यो त सारै अन्न्याय भयो । विद्यालयमा सरहरुबाटै त्यस्तो व्यवहार भयो । जान्ने सुन्ने हाम्रो मान्छे नभएर हेपेका हुन । ती विद्यार्थी सवै कुस्मामा गएका छन धेरै दिन भयो के के भएको छ त्यो पनि थाहा छैन ।

**जनमाया नेपाली** (विद्यार्थी टिकारामको आमा)

पहिला हामीसंग कुरा गर्न मान्नु भएन । केहि थाहा छैन भनेर वताउन मान्नुभएन । तर पछि घरका मालिक पर्वत, कुस्मा गएका छन आजै आउनुहुन्छ भन्दै गैर दलित समुदायका मानिसहरुले संधै चाहिने हामी हो बाहिरका मान्छे आज आउछन जान्छन काम दिन्नन केहि वताउनु हुन्न भन्दै धम्काएको कुरा राख्नु भयो ।

**विष्णु प्रसाद रेग्मी** (प्रधानध्यापक)

म विद्यालय खेलकुद मैदानका लागि आवश्यक तारजालीका लागि कुस्मा गएको थिए । पाक शिक्षाको प्राक्टीकल परिक्षाका दिन विद्यार्थी-विद्यार्थी बीच भनाभन भएछ र दलित समुदायका विद्यार्थी न्यायका लागि भनेर विद्यालयबाट निस्केछन् । सामान्य विषयमा यसरी गए पनि आउलान भन्दा भन्दै कुरा सदरमुकाम तिर पुगेछ । विद्यार्थीका अभिभावकलाई विद्यार्थी लिएर आउ भनेर चैत्र २६ गते विद्यालयले पत्र काटी पठाएको तर उनीहरुले त्यस दिन आउन अस्विकार गर्दै २८ गते १२ वजे जम्माहुनु भनेर अस्विकार गर्दै प्रतिपत्र विद्यालयमा छोडेको दुवै पत्र देखाउनु भयो । २८ गते दलित समुदाय, दलित अधिकार कर्मी, पत्रकार मानवअकिारबादी सहितको जुलुस आयो । हामीलाई पनि वोल्न दिइयो । विद्यार्थीले दोषी ठानेका शिक्षकहले पनि गल्ती भएको भए माफी दिनुस भनेर माफमागे । जुन शिक्षक शिक्षीकाको नाम पत्रिकाले दिएको छ ती शिक्षक विषय शिक्षक पनि हैनन् । अहिले विद्यार्थी सदरमुकाम भएकोले शिक्षक धन वहादुरलाई समन्वय गर्न पठएका छौ । विद्यार्थी विद्यार्थी बीचको भनाभनबाट सृजित केहि असहज अवस्था आज बाहिर पुगेको छ ।

**तुलसी पौडेल** (शिक्षिका)

म यस विषयमा प्रष्ट छु । गाउ घरमा यस्ता विषयमा अपठ्यारो पर्दा पनि दलित समुदायको पक्षमा काम गर्ने विद्यालयमा विद्यार्थी उपर यस्तो व्यवहार गर्ने कुरै भएन । मलाई दलित समुदायका विद्यार्थीले त्यस विषयमा भन्दै थिए मैले मिलेर गर्नु पर्छ सवैको परिक्षा हो संगै वनाउ खाउ भनेर म अफिस कोठामा आएर प्रश्न पत्र जााच्न लागे । मेरो संलग्नता छैन । चैत्र २८ गतेको भेलामा मानअधिकार कर्मीले मलाई अत्यन्तै दवाव दिएर माफिमाग्न कर गरेको हुनाले गल्ती भएको भए क्षमा चाहन्छु भनेको हु । पत्र पत्रिकामा आएको सवै कुरा झुठा हुन । झुठा कुरा लेख्यो भन्दैमा त्यो कहिल्यै साचो हुन्न ।

**शंकर जि. सी.** (शिक्षक)

म विषय शिक्षक हैन । त्यो दिन आएर पनि म आफ्नै काममा थिए । विद्यार्थीहरु काम गर्दै थिए । पछि एका एक दलित समुदाएका विद्यार्थीहरुले त्यस किसिमको गुनासो गरे पछि हामीले मिलाउन पनि समय नदिई उनीहरु न्याए खोज्छौं भन्दै विद्यालय सम्पर्क भन्दा बाहिर पुगे । पत्रिकाले जे लेखेको छ त्यो गलत कुरा हो ।

**चन्द्र वहादुर जि. सी (अध्यक्ष-विद्यालय व्यवस्थापन समिति)**

म पल्टनबाट आएको मान्छे । गाउको त्यती राजनीतिक मेसो नजान्ने सोझो मान्छे । सवैले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भई भने हो त नि आफ्नो गााउमा सेवा क्षेत्रमा काम गर्नु पर्छ भनेर भर्खरै अध्यक्ष भएको तत्काल यस्तो परिस्थिति आयो । त्यो दिन म पनि थिईन । मलाई धेरै दिन पछि मात्र जानकारी भयो । हेडसरलाई गाली गरे । सजिलो पर्दासम्म समिति नचाहिने अप्ठ्यारो पर्दामात्र समितिलाई खाज्ने भनेर । देशमा यत्रो परिवर्तन भईसक्दा २१ औं शताब्दीमा आएर पनि शिक्षकहरुबाट यस्तो गल्ती भएको कुरा बाहिर आउनु दुर्भाग्यपूर्ण हो । घटना सत्य होस वा असत्य तर विद्यालय र शिक्षकहरुको नाम जोडिएर घटना सार्वजनिक भएको छ यो विषयमा म समितिको बैठक वसालेर छलफल गराउछु । यो घटना नहुनु पर्ने भएको छ मैले गंभिर रुपमा लिएको छु । सकेसम्म यथार्थ बुझेर अगाडी वढ्छौं ।

**पर्वत जिल्लाका दलित अधिकार कर्मीहरु**

अनुगमन टोलिले पर्वत जिल्लामा दलित समुदायको क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरुसंग यस विषयमा सोधपुछ गर्दा पीडक शिक्षक तथा शिक्षिकाहरुले आफ्नो तर्फबाट गल्ती भएको महसुश गर्दै तपाईहरुले जे कार्यबाही गर्नुहुन्छ त्यो हामीलाई मञ्जुर छ भनेको वताउनु भयो । यस भन्दा पहिला चैत्र २८ गते विद्यालय मैदानमा भएको विरोध कार्यक्रममा पनि उल्लेखित शिक्षक शिक्षिकाले माफि मागेको सन्दर्भले शिक्षक शिक्षिकाको यस घटनामा संलग्नता रहेको बुझिन्छ ।

**अनिता विश्वकर्मा** (पीडित छ जना विद्यार्थीको तर्फबाट)

हामीलाई परिक्षामा सामेल हुन नदिएको घटना चैत्र ११ गतेको हो । हामीलाई १० वजे वोलाईएको थियो तर हामी सरसामान लिएर आउदा गैर दलित समुदायको विद्यार्थीले प्राय खाना वनाई सकेका थिए । हामी पुगे पछि पकाउने ठाउमा पुग्दै आसी ल्याउ हामी पनि तरकारी काट्न सहयोग गर्छौ । पकाउन सहयोग गर्छौ भन्दा साथीहरुले दलित विद्यार्थीहरुलाई अपमानजनक शब्द प्रयोग गर्दै तिमिहरुले पकाएको न सरहरुले खानुहुन्छ न हामी । तिमिहरुले पकाएको खायौं भने हामी अशुद्ध हुन्छौं भन्दै हामीलाई त्याहा वस्न, काम गर्नबाट रोक लगाईयो । त्यो विषयलाई लिएर तुलसी पौडेललाई भन्दा उहाले पनि हामी एकादशी, औंसीमा वर्त उपवास गरेर आएका हुन्छौं तिमिहरुको घरमा पाडा काटेका हुन्छौ यस्तै भन्दै व्यवहारमा पनि समानता हुनु पर्‍यो भन्दै कार्यालय तिर जानु भयो । शंकर सरलाई भन्दा पनि उहाले यस विषयलाई ध्यान दिनु भएन । गोपाल आचार्य सरले मिलाउन कोशिष गर्दा पनि गैर दलित समुदायको विद्यार्थीले एका एक जाईलागेकोले उहाको प्रयास पनि सफल भएन र हामी न्यायका लागि विद्यालय वाहिर हिड्न बाध्य भयौ । यहि क्रममा हेडसरले पछि आएर तिमिहरु अनुसाशनमा छैनौ विद्यालयको समस्यालाई विद्यालय भन्दा बाहिर लैजाने तिमिहरुको २/४ अंक घट्न सक्छ भनेर हामिलाई हतोत्साही गर्नु भयो । यस्तो परिस्थितिमा हामिले परिक्षा दिन सकेनौ । त्यो विषयको हाम्रो परिक्षा भएको छैन । दिन पाईने हो की हैन थाहा छैन ।

## १२. राजनीतिक पार्टीहरुको घटनाप्रतिको प्रतिकृया

पर्वत जिल्लास्थित राजनीतिक पार्टीका नेताहरुले यस घटनालाई गंभिररुपमा लिएको वताएका छन् । विद्यालय जस्तो पवित्र ठाउमा आजको अवस्थामा आएर पनि शिक्षकहरुको संलग्नतामा यस प्रकारको घटनाहुनु अत्यनतै निन्दनीय कार्य हो । यस घटनाले पर्वतबासीको शिर झुकाएको छ । दोषिलाई कडाभन्दा कडा कार्यबाही गर्नु पर्दछ भन्नेमा ने. क. पा. एमाले, पर्वत, नेपाली काग्रेस, पर्वत, नेपाली काग्रेस प्रजातान्त्रिक, पर्वत र जनमोर्चा, पर्वत रहेका छन् । जनमोर्चा, पर्वतले यस विषयमा स्थलगत अध्ययन समेत गरेको र कार्यबाहीका लागि प्रकृया अगाडी सारेको वताएको छ ।

अनुसूचि १ **राजनीतिक पार्टीहरुको घटनाप्रतिको प्रतिकृया**

क) ने. क. पा. एमाले पर्वतले दिएको प्रतिकृया

ख) नेपाली काग्रेस, पर्वतले दिएको प्रतिकृया

ग) नेपाली काग्रेस (प्र), पर्वतले दिएको प्रतिकृया

घ) जनमोर्चा, पर्वतले दिएको प्रतिकृया

## १३. निश्कर्ष तथा सुझावहरु

फड्केढुंगा नि. मा. वि. माझफााट २, पर्वतले कक्षा ७ को अन्तिम परिक्षा सञ्चालन गर्दै आएको थियो । परिक्षाको अन्तमा व्यवसायीक शिक्षा अन्तर्गतको प्राक्टीकल परिक्षा दिनकालागि विद्यार्थी र विषयगत शिक्षकका विच कसरी परिक्षा सञ्चालन गर्ने भन्ने विषयमा चैत्र आठ र नौ गते सल्लाह हाुदै आएको कक्षा ७ का सवै विद्यार्थीहरु छलफलमा भाग लिदै कोहिले खाना पकाउने खाने, कोहिले जेरी पुरी तरकारी खाने भने दलित समुदायका विद्यार्थीहरुले चित्रकला वनाउने प्रस्ताव अगाडी सारे । अन्तमा रु. ३५ का दरले पैसा उठाउने, अलि अलि दाउरा तथा आलु सहित विहान १० वजे विद्यालय आउने भनेर नौ गते भनियो । ११ गते दलित विद्यार्थी सरसामान सहित विद्यालय आउदा गैर दलित समुदायका विद्यार्थीले अधिकांश परिकार पकाएका थिए र दलित विद्यार्थीले खाना पकाउन सहभागि वन्छौ भन्दा गैर दलित समुदायका विद्यार्थीले तिमिहरु यता नआउ, तिमिहरुले पकाएको सरहरुले खानुहुन्न, हामि पनि खान्नौ र आज मिठो वनाएर सरहरलाइृ खुवाउनु पर्छ र विद्यालयबाठ विदाई हुनु पर्छ भन्दै विभेद जन्य अनेक शब्दहरु प्रयोग गरीयो । दलित समुदायका विद्यार्थीहरुले शिक्षक शंकर जि. सि., तुलसी पौडेल र कपुर मल्ल सरलाई साथीहरुले गरेको व्यवहार भन्दा उनीहरुले हामहिरुले खाने हैन तीमिहरुले पकाएको पराने सरहरुले खानुहन्न । यस्तो समयमा तिमिहरु परै वसेहुन्छ भन्दै विषयलाई सुल्झाउनु अलवा कार्यालयतर्फ लागेर घटना प्रति शिक्षकहरुको उदासिनता देखिन्छ ।

नेपाली समाजमा जातीय विभेद तथा छुवाछूत गर्न नपाउने र यदी कोही कसैले त्यस्तो गरेमा कानून अनुसार दण्डनीय हुने व्यवस्था नयाँ मूलुकी ऐन २०२० मार्फत भएको भए पनि र नेपाल अधिराज्यको संविधान २०४७ ले अझै स्पष्ट व्यवस्था गरेको भए पनि समाजमा जातिपातीका आधारमा हुने विभेदहरु हुन छाडेका छैनन् । नेपालले सवै किसमिका जाति तथा रंगभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धिलाई सन १९७१ मा हस्ताक्षर गरि सकेको भए पनि सो सन्धिको भावना उपर सहि रुपमा काम गर्न सकेको छैन । त्यतीमात्र हैन पुनस्थापित प्रतिनिधि सभाले गत जेठ २१ मा नेपाललाई छुवाछूत मुक्त राष्टर् घोषणा गरेको भए पनि यस घटनाले त्यो ऐतिहासिक घोषणाको खिल्लि उडाएको छ । अन्तरिम संविधान २०६३ को भावनालाई ठाडै उल्लंघन गरेको देखिन्छ ।

यो घटनाको स्थलगत अनुगमन गर्दा र पीडित, पीडक तथा अन्य सरोकारवालाहरुसंग गरिएका संवाद र छलफलका आधारमा यस प्रकारका घटनाहरुलाई आज पनि दलित समुदायको समस्याका रुपमा मात्र लिने गरेको र घटना भएको तीन हप्ता भन्दा बढी भईसक्दा घटना किनारा नलाग्नुले राज्य तथा अन्य सरोकारवालाहरु त्यती संवेदनशिल नभएको देखिन्छ । यो घटनाप्रति राजनीतिक पार्टीहरुको भूमिकालाई हेर्दा ती पार्टीहरुको विधान तथा घोषणा पत्रमा उत्पीडित दलित समुदाय प्रति भएको व्यवस्था अनुसार व्यवहार भएको पाईदैन । यो घटनाको विरुद्धमा एउटा विज्ञप्तीसम्म जारी नगर्नुले यो तथ्यको पुष्टि हुन्छ

नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा वनाएका तथा सम्झौता गरेका विभिन्न कानून तथा सन्धि सम्झौताहरुलाई व्यहारिक रुपमा कार्यान्वयन गर्न र विभेद रहित समाज निर्माण गरी सवै नेपाली नागरिकलाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्न राज्य र अन्य

सरोकार पक्षहरुलाई यस अनुगमन समिति तपशिलका सुझावहरु प्रस्तुत गर्दछ ।

**तपशिल**

क) नेपाल सरकार पक्ष भई गरिएका विभिन्न अन्तराष्टि्रय सन्धिहरु त्यस्मा पनि सवै प्रकारका जाति तथा रंगभेद उन्मूलन संवन्धि अन्तराष्टि्रय महासन्धि १९६५ को अक्षरसः कार्यान्वयन गरिनु पर्दछ ।

ख) मानव अधिकारको विश्व व्यापी घोषणा पत्र मुताविक दलित समुदायको मानव अधिकारको सुनिश्चितता गरिनु पर्दछ ।

ग) प्रतिनिधि सभाले जेठ २१ मा गरेको छुवाछूत मुक्त राष्ट्रको घोषणालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न र सो को अनुभूति दलित समुदायले गर्न सरकारले उचित नीति तथा कार्यक्रम ल्याउनु पर्दछ ।

घ) दलित र गैर दलित समुदायलाई समेट्ने गरी गाउ स्तरमा छुवाछूत विरुद्धका कार्यक्रमसंगै विकास निर्माणका कार्यक्रम गरिनु पर्ने आवश्यकता देखिन्छ

च) दलित समुदायका राजनीतिक तथा सामाजिक अधिकारकर्मीहरु साझा सवालमा संगठित भई दलित समुदायको उत्थानमा लाग्नु पर्दछ ।

छ) पीडक शिक्षक शिक्षिकालाई कानून अनुसार कार्यबाही गर्दै पीडित विद्यार्थीहरुलाई ससम्मान परिक्षामा सामेल गराईनु पर्दछ साथै उचित क्षतीपूर्तिको व्यवस्था गरिनु पर्दछ ।

ज) यो घटनालाई अध्ययन गर्दा प्रत्येक विद्यालयमा न्युनतम एक जना दलित समुदायको शिक्षक शिक्षिका रहन जरुरी हुन्छ त्यस्का लागि सरकारलाई आवश्यक दवाव दिनु पर्ने देखिन्छ ।

धन्यवाद